परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १६६ पृष्ठ ४ २०८२ चैत्र २४ गते मंगलवार 7 April, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## बर्दिवास उद्योग वाणिज्य संघमा

# चुनावी सरगर्मी, दुई प्यानलबीच कडा भिडन्त




● टक नेपाल

महोत्तरीको बर्दिवास उद्योग वाणिज्य संघको आगामी नेतृत्व चयनका लागि निर्वाचन मिति नजिकिँदै जाँदा चुनावी माहोल तातिएको छ। यही चैत २४ गते हुने निर्वाचनमा दुई प्यानलबीच प्रत्यक्ष प्रतिस्पर्धा हुने भएको छ। उम्मेदवारहरू यतिबेला मतदातासँग भेटघाट तथा मत माग्न व्यस्त देखिएका छन्।

निर्वाचनमा दीपक कार्की नेतृत्वको प्यानल 'डमरु' चुनाव चिन्हसहित मैदानमा उत्रिएको छ भने उत्तमकुमार श्रेष्ठ नेतृत्वको प्यानल 'कलश' चुनाव चिन्हसहित प्रतिस्पर्धामा रहेको छ। दुवै पक्षले आफ्ना प्रतिबद्धतापत्र सार्वजनिक गरिसकेकाले व्यापारी तथा उद्योगीहरूबीच चासो र उत्सुकता बढेको छ।

उद्योग वाणिज्य संघ निर्वाचन समिति स्रोतका अनुसार निर्वाचन निष्पक्ष, मर्यादित र व्यवस्थित रूपमा सम्पन्न गरिने विश्वास दिलाइएको छ। समितिले जनाएको छ, "निर्वाचन शिष्ट र मर्यादित हुनेछ, यसमा कसैले पनि सन्देह लिनु पर्दैन।"

दीपक कार्की प्यानलले 'सानो लगानी, ठुलो सम्मान' नारासहित व्यवसायीहरूको वर्गीकरण, घरभाडा तथा करसम्बन्धी समस्या समाधान, बजार सुरक्षा तथा व्यवस्थापनमा जोड दिएको छ। यसका साथै व्यवस्थित पार्किङ, फुटपाथ तथा ढल निकास व्यवस्थापन, सार्वजनिक शौचालय निर्माणजस्ता पूर्वाधार विकासका योजना अघि सारिएको छ।

पर्यटन प्रवर्द्धनका लागि 'रात्रिकालीन बजार' सञ्चालन र विशेष प्याकेजमार्फत आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गने

बाकी पष्ठ २.....

# केराउ बोकेको गाडी नियन्त्रणमा

● टक नेपाल

महोत्तरीको बर्दिबासमा बिल/बिजकभन्दा बढी केराउ बोकेको एक पिकअप गाडी प्रहरीले नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय बर्दिबासबाट खटिएको टोलीले चैत २१ गते राति करिब १ बजे बर्दिबास नगरपालिका-१४ स्थित शिव मन्दिर नजिक सडक खण्डमा बा प्र ०१-०३२ च १९०४ नम्बरको पिकअप गाडी रोकेर जाँच गरेको थियो।

प्रहरीका अनुसार गाडीमा रहेको सामानको बिल जाँच गर्दा अनलाइन बिल र प्यान बिलमा १००० किलो चना र ८०० किलो केराउ उल्लेख भए पनि वास्तविक रूपमा गाडीमा बिलभन्दा बढी केराउ फेला परेको थियो।

जाँचका क्रममा ७६ बोरा (प्रति बोरा ३० केजी) केराउ अतिरिक्त रूपमा फेला परेपछि उक्त सामानसहित पिकअप गाडी नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

बरामद गरिएको केराउ र गाडीको अनुमानित मूल्य ११ लाख ५९ हजार ६०० रुपैयाँ रहेको छ। नियन्त्रणमा लिइएको सामान र सवारीसाधनलाई आवश्यक कारवाहीका लागि जलेश्वर भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ।









# बर्दिवास उद्योग वाणिज्य संघमा.........................................

योजना पनि उक्त प्यानलले समेटेको छ। साथै कानुनी परामर्श डेस्क स्थापना र स्वास्थ्य सेवामा सहुलियत दिने प्रतिबद्धता पनि व्यक्त गरिएको छ।

यता उत्तमकुमार श्रेष्ठ प्यानलले वित्तीय पहुँच विस्तार, सहुलियतपूर्ण कर्जा व्यवस्था र व्यवसायी पलायन रोकथामलाई प्राथमिकतामा राखेको छ। यस प्यानलले संघलाई प्रविधिमैत्री बनाउँदै डिजिटल सेवा विस्तार गने, सदस्य सुरक्षा बीमा योजना लागू गर्ने र बर्दिवासलाई कृषि तथा व्यापारिक हबका रूपमा विकास गर्ने लक्ष्य अघि सारेको छ।

'उज्यालो बर्दिवास' अभियानअन्तर्गत सीसीटीभी जडान गरी सुरक्षित व्यापारिक वातावरण निर्माण गर्ने, स्थायी प्रदर्शनी स्थल तथा रात्रिकालीन बजार सञ्चालन गने योजना पनि प्रस्तुत गरिएको छ। साथै युवा स्वरोजगार प्रवर्द्धन, पर्यटन तथा सम्पदा संरक्षण, औद्योगिक ग्राम निर्माण, तीन तहका सरकारसँग समन्वय र 'व्यवसायी कल्याणकारी अक्षयकोष' स्थापना गर्ने प्रतिबद्धता पनि श्रेष्ठ प्यानलले व्यक्त गरेको छ।

अध्यक्ष, उपाध्यक्षसहित ८ पदाधिकारी र ११ सदस्य गरी १९ सदस्यीय नयाँ कार्यसमिति चयनका लागि दीपकबहादुर कार्की र उत्तमकुमार श्रेष्ठ प्यानलबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ।

दुवै प्यानलले आफ्ना उम्मेदवार सक्षम र योग्य रहेको दाबी गर्दै व्यवसायीहरूको विश्वास जित्ने प्रयास गरिरहेका छन्। अब मतदाताको निर्णयले बर्दिवास उद्योग वाणिज्य संघको आगामी नेतृत्व कसको हातमा जाने भन्ने टुंगो लाग्नेछ।

टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### बलात्कारीको कुनै जात, धर्म र पद हुँदैन

नेपाली समाज यतिबेला गम्भीर नैतिक संकटबाट गुज्रिरहेको छ। बाहिरबाट सभ्य र सुसंस्कृत देखिने हाम्रो समाजभित्र शक्ति, पहुँच र पितृसत्तात्मक सोचले पोषित भयावह वास्तविकता लुकेको छ। बलात्कार जस्तो जघन्य अपराधमा समेत समाजको एउटा तप्का पीडकलाई जोगाउन अघि सर्छ भने पीडितलाई नै दोषी ठहर गर्ने प्रवृत्ति झन् चिन्ताजनक छ।

बलात्कार केवल यौनजन्य घटना होइन, यो शक्ति प्रदर्शनको निकृष्ट रूप हो। पीडितले न्याय खोज्दा उल्टै चरित्रमाथि प्रश्न उठाइनु, सामाजिक सञ्जालमा लाञ्छना खेप्नुपर्नु र कानुनी प्रक्रियामा बारम्बार अपमान सहनुपर्नु हाम्रो न्याय प्रणाली र सामाजिक चेतनाको कमजोरी हो। कानुनमा कडा सजायको व्यवस्था भए पनि व्यवहारमा न्याय पाउन अझै कठिन छ।

समाजले अब पीडकको पक्ष लिने होइन, पीडितको साथ दिने संस्कार विकास गर्नुपर्छ। अपराधीको कुनै जात, धर्म वा पद हुँदैन भन्ने सत्यलाई आत्मसात् गर्दै सामाजिक र कानुनी दुवै रूपमा दोषीलाई कारबाही गर्नुपर्छ। पीडितलाई दोषी ठहर गर्ने होइन, न्याय दिलाउने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो। तभी मात्र लोकतन्त्रमा न्याय जीवित रहनेछ।

# इन्धनको मूल्य बढ्दा बजारमा कालोबजारी.........................................

सरकारले इन्धन बचत गर्ने बहानामा साताको दुई दिन बिदा दिने निर्णय गरेको छ । यसलाई तिमिल्सिनाले बिना तयारीको 'पब्लिसिटी स्टन्ट' मात्र भएको बताए । 'यो निर्णयले अस्पतालको उपचार, अदालतको तारिख र अन्य सरकारी सेवा लिन टाढाबाट आएका जनतालाई थप समस्यामा पारेको छ,' उनले भने । कम्तीमा एक महिनाअघि सूचना दिएर मात्र यस्ता निर्णय कार्यान्वयन गर्नुपर्ने उनको सुझाव छ ।

पेट्रोलियम पदार्थको समस्याबाट स्थायी मुक्ति पाउन नेपालले आफ्नै जलविद्युतको अधिकतम प्रयोग गर्नुपने'मा उनले जोड दिए । सरकारले आफैँ उदाहरण बनेर काम गर्नुपर्ने उनको भनाइ छ । 'प्रधानमन्त्री आफैँ हिँडेर कार्यालय जाने, विद्युतीय सवारी साधनलाई मात्र प्रोत्साहन गर्ने र विद्यार्थीहरूलाई इन्धनको सट्टा इन्डक्सन चुल्हो वितरण गर्ने हो भने मात्र डलर बाहिर जानबाट जोगिन्छ,' उनले समाधानका उपायहरू सुझाए ।

उनले सुशासनको नारा दिएर बनेको सरकारले बिचौलिया र कालाबजारीको संरक्षण गर्न नहुने उनले बताए । सरकारले जनतालाई विश्वासमा लिनका लागि पनि बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने र मूल्य वृद्धि नियन्त्रणमा ठोस कदम चाल्नुपर्ने माग उनले गरेका छन् । यो महँगी र बेथितिले गर्दा आम उपभोक्ताको जीवन कष्टकर बनेको र सरकारले तत्काल राहतका प्याकेजहरू नल्याए स्थिति अझ भयावह हुन सक्ने चेतावनी अधिकारकर्मी तिमिल्सिनाले दिएका छन् ।

### महँगी नियन्त्रण गर्न छलफल गर्दै मन्त्रालय, अनुगमन बढाउन निर्देशन

पेट्रोलियम पदार्थको मूल्य बढेसँगै बजारमा देखिएको महँगी र यातायात भाडा समायोजनको असर कम गर्न सरकारले विभिन्न विकल्पमा छलफल थालेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले उपभोक्तालाई राहत दिन १० देखि १५ वटा विकल्पका बारेमा छलफल भइरहेको जानकारी दिएका छन् ।

इन्धनको मूल्यवृद्धिका कारण बजारमा अन्य वस्तुको पनि मूल्य बढ्न थालेपछि सरकारले यस्तो तयारी गरेको हो । प्रवक्ता सुवेदीका अनुसार छलफलमा रहेका विकल्पमध्ये एउटाका बारेमा मन्त्रिपरिषद्ले निर्णय गरिसकेको छ भने अन्य विकल्पका बारेमा अन्तर्राष्ट्रिय परिस्थिति र युद्धको अवस्था विश्लेषण गरेर निर्णय लिइनेछ ।

बजारमा व्यवसायीले मूल्यवृद्धिको बहानामा सामान लुकाउने वा मनपरी मूल्य लिने जस्ता क्रियाकलाप नगरून् भनेर वाणिज्य विभागले उजुरीका आधारमा अनुगमन गरिरहेको सुवेदीले बताए । अहिलेको परिस्थिति जटिल रहेकाले सरकारले सुक्ष्म ढंगले अध्ययन गरिरहेको उनको भनाइ छ ।

कृत्रिम महँगी रोक्न विभागको सक्रियता रहेको दाबी बजारमा वस्तुमा महँगी देखिन थालेको सन्दर्भमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रवक्ता नरहरि तिवारीले अहिले बजारमा खासै महँगी नबढेको तर्क गरे । 'नेपाली नम्बर प्लेटका गाडीको भाडा तत्काल बढेको छैन । भारतबाट सामान आयात गर्ने गाडीले भने भाडा बढाइसकेका छन् । भारतबाट आउने सिमेन्टको कच्चा पदार्थ, फलामे छड, खाद्यान्न र पेट्रोलियम पदार्थ बोक्ने गाडीको भाडा बढ्दा त्यसको प्रत्यक्ष असर बजारमा परेको हो ।'

पेट्रोलको मूल्य प्रतिलिटर १५४ रुपैयाँबाट बढेर १८० रुपैयाँसम्म पुगेपछि उत्पादन र ढुवानी दुवै क्षेत्र महँगिएको विभागको विश्लेषण छ । प्रवक्ता तिवारी भन्छन्, 'इन्धनको मूल्य बढेपछि उत्पादन र ढुवानी लागत बढ्नु स्वाभाविक हो, जसको प्रभाव क्रमशः बजारमा देखिन थालेको छ ।'

विशेषगरी सिमेन्ट उद्योगका लागि आवश्यक पने प्लास्टिकजन्य सामग्री लगायतका लागि आवश्यक कच्चा पदार्थको आयात महँगो हुँदा निर्माण सामग्रीको मूल्यमा समेत चाप परेको उनले जानकारी दिए । यद्यपि, चामल दाललगायतका खाद्यान्नमा भने अहिलेसम्म उल्लेख्य मूल्यवृद्धि नदेखिएको उनले बताए ।

बजारमा देखिएको यो मूल्यवृद्धिलाई विभागले सूक्ष्म ढंगले नियालिरहेको छ । तिवारीका अनुसार मूल्य वृद्धि स्वाभाविक हो कि व्यवसायीले गरेको कृत्रिम महँगी हो भन्नेबारे विभागले विश्लेषण गरिरहेको छ । विभागले अहिले बजार अनुगमनलाई तीव्रता दिएको छ । लागतका आधारमा हुने स्वाभाविक वृद्धिलाई रोक्न नसकिए पनि व्यवसायीले गर्ने कृत्रिम अभाव वा कालोबजारीमाथि कडा निगरानी राखिने उनले स्पष्ट पारेका छन् ।

## मोटरसाईकल हराएको सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा हुलास चन्द एण्ड कम्पनी लि. नाममा दर्ता श्रेस्ता कायम रहेको प्रदेश - ०१-०२-०५८ प ५४२४ नम्बरको पल्सर २२० (रातो कालो) सि.सी मोटरसाइकल बर्दिवास नगरपालिका वडा नं १ स्थित मिति २०८२।१२।१९ गते समय करिब १६:०० र १७:०० बजेको विचमा संगम टोलमा पाकिङ्ग गरी राखेको अवस्थामा चोरी भएको हुदाँ चोरीए गाडी खोजतलाज गरिदिनहुनका लागि वा नजिकैको प्रहरी कार्यलयमा सम्पर्क गरिदिनहुनका लागि अनुरोध छ ।

**तपसिल:**
**बाईक नं.** :प्रदेश - ०१-०२-०५८ प ५४२४
**च्यासिस नं.** :**MD2A13EX15CC83919**
**ईन्जन नं.** **DKXCSC25963**
**मो नं.** : ९७०९१५१८१०







# इन्धनको मूल्य बढ्दा बजारमा कालोबजारी, नियन्त्रण गर्न के छ सरकारको तयारी ?

● टक नेपाल




पश्चिम एसिया द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ आपूर्ति प्रभावित बनेसँगै ठुलो परिमाणमा मूल्य वृद्धि भयो । जसको ठुलो प्रभाव नेपालमा समेत परेको छ ।

नेपालमा इन्धनको मूल्य लगातार वृद्धि भएपछि बजारमा दैनिक उपभोग्य वस्तुको महँगी अनियन्त्रित बनेको छ । नयाँ सरकार आएको छोटो समयमै दुई पटकसम्म मूल्य बढेपछि यातायात भाडा र ढुवानी लागत समायोजनको तयारी भइरहेको छ । तर ढुवानी भाडा बढेको बहाना बनाएर व्यवसायीहरूले अस्वाभाविक रूपमा मूल्य बढाएर उपभोक्ताको ढाड सेक्न थालेका छन् ।

खाने तेल, हरियो तरकारी, फलफूल, अण्डा, सिमेन्ट, छड, प्लास्टिकजन्य वस्तुको मूल्यमा अस्वाभाविक वृद्धि गरी कालोबजारी भइरहेको छ । सवारीको भाडा समायोजन गरे थप मूल्य वृद्धि हुने देखिएको छ । बजारमा अनियन्त्रित भइरहँदा नियमनकारी सरकारी निकाय भने मौन रहेको उपभोक्ता अधिकारकर्मीको गुनासो छ ।

इन्धनको मूल्य वृद्धिको बहानामा बजारमा मनोमानी

पेट्रोलियम पदार्थको मूल्य बढेसँगै बजारमा उपभोग्य वस्तुहरूको मूल्य अस्वाभाविक रूपमा बढाएर कालो बजारी गर्न थालेको उपभोक्ता अधिकारकर्मी कृष्णप्रसाद भण्डारी 'मार्सेली'ले बताए ।

भण्डारीका अनुसार सवारी साधनको भाडा समायोजन नहुँदै व्यवसायीले खाद्यान्न, लत्ताकपडा र निर्माण सामग्रीमा मूल्य बढाउन सुरु गरेका छन् । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको बहाना बनाएर नेपालका व्यवसायीले उपभोक्ताको ढाड सेक्ने काम गरिरहेको उनले बताए ।

व्यवसायीले पहिले नै कम मूल्यमा खरिद गरेर गोदाममा राखेको सामानलाई समेत इन्धनको मूल्य बढेको बहानामा महँगोमा बिक्री गरिरहेको भण्डारीले जानकारी दिए । विशेषगरी खानेतेल, सिमेन्ट र रडजस्ता वस्तुमा अस्वाभाविक नाफा लिने काम भइरहेको उनको भनाइ छ । सामानको खरिद बिल र बिक्री बिलको अन्तर हेरेर मात्र मूल्य निर्धारण गरिनुपर्ने भए पनि पुरानो स्टकलाई नयाँ मूल्यमा बेचेर कालोबजारी भइरहेको उनले उल्लेख गरे ।

सरकारले बजार अनुगमनका लागि ९०० भन्दा बढी निरीक्षण अधिकृत खटाएको दाबी गरे पनि बजारमा त्यसको प्रभाव न्यून देखिएको उनले टिप्पणी गरे । वाणिज्य विभागको अहिलेको अनुगमन 'कर्मकाण्डी' मात्र भएको उनले दाबी गरे । विभागले अझैसम्म बजारको तह निर्धारण गर्न र वस्तुको मूल्य मापदण्ड तोक्न नसक्दा व्यवसायीको मनोबल बढेको उनको आरोप छ ।

उपभोक्ता संरक्षण ऐन २०७५ मा 'उपभोक्ता अदालत'को स्पष्ट व्यवस्था भए पनि सरकारले त्यसलाई कार्यान्वयनमा ल्याउन नसक्नु दुःखद् भएको भण्डारीले बताए । ऐन र नियमावलीले दिएको अधिकार प्रयोग गरी तत्काल मूल्य निर्धारण समिति र बोर्ड गठन गर्न उनले सरकारलाई आग्रह गरे । यस्ता समितिले वस्तुको वास्तविक लागत गणना गरी न्यायोचित मूल्य तोक्नुपने ' उनको सुझाव छ ।

बजार व्यवस्थित बनाउन हचुवाका भरमा छापा मार्ने भन्दा पनि बलियो प्रणाली विकास गर्नुपर्ने भण्डारीले प्रष्ट पारे । खरिद र बिक्रीको वास्तविक विवरण कडाइका साथ हेर्ने, २० प्रतिशतभन्दा बढी मुनाफा लिन नदिने र कालोबजारी गर्नेलाई शून्य सहनशीलताका साथ कानुनी दायरामा ल्याए मात्र उपभोक्ताले राहत पाउने उनले बताए ।

'निगमले कोष परिचालन नगरी सिधै उपभोक्ताको ढाड सेक्ने काम गऱ्यो'

नेपाल आयल निगमसँग २० अर्ब रुपैयाँभन्दा बढीको 'मूल्य स्थिरीकरण कोष' सुरक्षित छ । यो कोषमा ठुलो रकम हुँदाहुँदै त्यसको परिचालन नगरी सिधै जनतामा भार थुपारेको र बजारमा बिचौलिया एवं कालोबजारीलाई प्रश्रय दिएको भन्दै उपभोक्ता अधिकारकर्मीले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएका छन् ।

उपभोक्ता अधिकारकर्मी विष्णुप्रसाद तिमिल्सिनाले सरकारको नियत र बजार व्यवस्थापनमाथि गम्भीर प्रश्न उठाए । उनले सरकार उपभोक्ताप्रति जिम्मेवार नभएको र बिचौलियाको प्रभावमा परेको आरोप लगाएका छन् ।

नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा उपभोक्तालाई मार नपरोस् भनेर हरेक लिटर इन्धनमा 'मूल्य समायोजन कोष'का लागि रकम संकलन गर्छ । यस्तो परिस्थितिमा उक्त कोषको उपयोग गरी उपभोक्तालाई राहत दिनुको सट्टा मूल्य बढाइएको उनको तर्क छ । तिमिल्सिना भन्छन्, 'उक्त कोषमा हाल २० अर्ब रुपैयाँभन्दा बढी रकम जम्मा भएर बसेको छ । अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य ५-१० प्रतिशत बढ्दा यही कोषबाट बेहोरेर उपभोक्तालाई पुरानै मूल्यमा दिन सकिने विकल्प थियो, तर सरकारले यो रकम परिचालन नगरी सिधै उपभोक्ताको ढाड सेक्ने काम गऱ्यो ।'

तिमिल्सिनाले मूल्य बढाउने निर्णय गर्नुअघि नै ठुला व्यापारी र डिपो प्रमुखहरूबीच साँठगाँठ हुने गरेको दाबी गरे । उनले १५ रुपैयाँ मूल्य बढ्नुभन्दा अघिल्लो दिन थानकोट डिपो रित्तो पारिएको उदाहरण दिए । 'मूल्य बढ्ने पूर्वसूचना पाएर डिपोबाट सबै तेल पम्पहरूमा पठाइन्छ र भोलिपल्ट बढेको मूल्यमा बेचिन्छ,' उनले भने, 'यो नाङ्गो भ्रष्टाचार हो र यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्काल छानबिन गर्नुपर्छ ।'

यस्तै नेपाल पेट्रोलियम पदार्थमा पूर्ण रूपमा भारतमा निर्भर छ । २०७२ सालको नाकाबन्दीपछि चीनसँग गरिएका इन्धन सम्झौताहरू कार्यान्वयन नहुनुलाई तिमिल्सिनाले सरकारको कूटनीतिक कमजोरी बताए । 'हामी भारतको कब्जामा जस्तै भयौं, उसले जति मूल्य भन्छ, त्यति तिर्न बाध्य छौं,' उनले भने, 'अन्तर्राष्ट्रिय बजारको नाम दिएर भारतले नेपाललाई नियन्त्रण गरिरहेको छ ।'

बजारमा ग्यासको अभाव नभए पनि कृत्रिम अभाव सिर्जना गरिएको उनले बताए । ६ हजार सिलिन्डर ग्यास लुकाउने कम्पनीलाई जम्मा ३ लाख रुपैयाँ जरिवाना गरिएकोमा उनले आक्रोश व्यक्त गरे । उनले भने, '३ करोड नाफा कमाउनेलाई ३ लाख जरिवाना गर्नु भनेको उनीहरूलाई थप कालोबजारी गर्न प्रोत्साहन दिनु हो । यस्ता व्यापारीलाई फौजदारी कानुन अन्तर्गत कारबाही हुनुपर्छ ।'

बाकी पष्ठ २......

## मानव बेचबिखन विरुद्ध सचेतना

❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित ि नकायसँग समन्वय गने ।
❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टरहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# सप्तरीमा बालविवाह र चोरी मुद्दाका तीन प्रतिवादी पक्राउ



● टक नेपाल

सप्तरी प्रहरीले विभिन्न मुद्दाका तीनजना प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पने 'मा बालविवाह मुद्दाको कानुनी विवादमा परेका दुईजना र चोरी उद्योगका एक जना रहेका छन् ।

बालविवाहको कानुनी विवादमा परेकाले राजविराजका दुई जना नवालकलाई प्रहरीले पक्राउ गरेको हो । उहाँहरुले आइतबार कानुनी विवादमा परेर बालविवाह गर्नुभएको थियो ।

यस्तै, चोरी उद्योग मुद्दामा खडक नगरपालिका वडा नम्बर ७ का १८ वर्षीय मो बरकतसहित तीनजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो ।

बरकतले आइतबार राजविराजस्थित भूमिसुधार मालपोत कार्यालयमा गुलेश्वर यादवको गोजीमा हातहाली चोर्ने प्रयास गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका तीनै जनालाई सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान थालिएको प्रहरी नायब उपरीक्षक पुरीले बताउनुभयो ।

# मालपोत कार्यालयबाट बिचौलिया पक्राउ

● टक नेपाल

रौतहटको चन्द्रनिगाहपुरस्थित मालपोत कार्यालय परिसरबाट सोमबार एकजना बिचौलिया पक्राउ परेका छन् । पक्राउ पर्नेमा कटहरिया नगरपालिका-९, रौतहटका २४ वर्षीय रितेशकुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको टोलीले विशेष सूचनाको आधारमा चन्द्रपुर नगरपालिका -४ मा रहेको मालपोत कार्यालयबाट यादवलाई नियन्त्रणमा लिएको छ ।

पक्राउ परेका यादवमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । नवगठित सरकारले जनतालाई कुनै पनि बहानामा शास्ती दिने,अबैध तरिकाले रकम असुल्ने माथि कडाइ गरेसँगै रौतहट प्रहरीले बढी भिडभाड हुने कार्यालयमा निगरानी बढाएको छ ।

सरकारी सेवा लिने सर्वसाधारणलाई दुःख दिने र अनावश्यक रकम असुल गर्ने पाँच जनालाई यसअघि गौरबाट प्रहरीले पक्राउ गरेको थियो सरकारको काम कारबाहीले जनतामा सकारात्मक आशा पलाएको छ ।


## जनहितमा जारी

❖ बिना अनुमति बोडिङ नगनुहोस्।
❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या( उँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖ गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
❖ पानीको सिाइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



एकडारा गाउँपालिका, महोत्तरी


# अब बर्दिवास मेडिकल कलेज निर्माण अब अघि बढ्ने संकेत

● टक नेपाल



मधेस प्रदेशकै गौरवको यो जनाका रूपमा हेरिएको बर्दिवास मेडिकल कलेज निर्माण प्रक्रिया अघि बढ्ने संकेत देखिएको छ। निर्माणका लागि प्रस्तावित क्षेत्रमा गरिएको वृक्षारोपणको अवस्थाबारे वन तथा भू-संरक्षण विभागले स्थलगत निरीक्षण गरेको छ।

मेडिकल कलेज निर्माणका लागि १,९६७ वटा रुख कटान गर्नुपर्ने भएपछि सवो 'च्च अदालतले २०८० जेठ २९ गते १० गुणा अर्थात् १९,६७० विरुवा रोपेर हुर्काउन आदेश दिएको थियो। सोही आदेशअनुसार मडाहा र सोनी खोलामा २३ हजारभन्दा बढी विरुवा रोपिएको आयोजनाले जनाएको छ।

आयोजना प्रमुख निर्मल घिमिरेका अनुसार रोपिएका विरुवाको अवस्था सुनिश्चित गर्न विभागबाट अनुगमन गरिएको हो।

वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक उदव घिमिरेले अनुगमनसँगै प्रस्तावित निर्माणस्थल माइस्थानको जग्गा प्राप्तिका लागि आयोजनासँग सम्झौता प्रक्रिया अघि बढ्ने जानकारी दिए। संघीय वन तथा वातावरण मन्त्रालयका प्रतिनिधि खिलानाथ दाहालसहितको टोलीले निरीक्षणपछि रोपिएका बिरुवा राम्रोसँग हुर्किएकोमा सन्तोष व्यक्त गरेको छ।

उपमहानिर्देशक घिमिरेले भने,

"अदालतको आदेश कार्यान्वयनको चरणमा पुगिसकेका छौं, अब मेडिकल कलेज निर्माणको गाँठो फुक्ने छ।"

यसअघि संघीय सरकारले 'सुशासन मार्गचित्र-२०८२' कार्यान्वयन प्रक्रिया अघि बढाएपछि आयोजना खारेज हुन सक्ने आशंकामा स्थानीयहरू आन्दोलित बनेका थिए। सोही क्रममा केही दिनअघि बर्दिवासमा स्थानीयहरूले पूर्व-पश्चिम राजमार्ग आधा घण्टा अवरुद्ध गर्दै विरोध प्रदर्शन गरेका थिए।

अनुगमनपछि अब कानुनी जटिलता समाधान हुने विश्वास स्थानीयमा बढेको छ। स्थानीय चुडामणि पोखरेलका अनुसार अब आयोजना अघि बढ्ने आशा पलाएको छ।

माइस्थानस्थित सामुदायिक वन तथा नदी उकास क्षेत्रअन्तर्गत ५४.५८४ हेक्टरमा निर्माण हुने उक्त मेडिकल कलेज परियोजनामा सम्झौता सम्पन्न भएपछि रुख कटान प्रक्रिया अघि बढ्ने स्थानीय विष्णु खड्काले बताए।

वन क्षेत्रभित्र आयोजना पर्ने भन्दै २०७८ फागुनमा दायर गरिएको मुद्दाका कारण करिब दुई वर्ष अन्योलमा रहेको योजना सर्वोच्च अदालतको आदेशपछि पुनः गति लिन थालेको हो।

परियोजना अनुसार दुई वटा भवनमा ६०० र ४०० बेड गरी कुल १,००० बेड क्षमताको अस्पताल, मेडिकल कलेज भवन, प्राध्यापक तथा कर्मचारी आवास, विद्यार्थी होस्टेल र कुरुवा घरलगायतका संरचना निर्माण गरिनेछ।


## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014